# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ३ | संख्या ३ | मितिः २०७६/१०/२० |
| --- | --- | --- |


भाग २

रावा बेसी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

## विद्यालय दिवा खाजा अनुदान वितरण कार्यविधि, २०७६

प्रस्तावना : सामुदायिक विद्यालयहरुमा आधारभूत तह अन्तर्गत बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई दैनिक दिवा खाजा वापतका लागि अनुदान रकम उपलब्ध गराई घरमै निर्माण हुने पोषक तत्वयुक्त खाद्यपदार्थ निर्माण गरी टिफिनको समयमा उपलब्ध गराउन अभिभावक आमाहरुलाई हौसला बढाई विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाई नियमित,सहज र सरल रुपमा शिक्षा प्रदान गरी शैक्षिक गुणस्तरमा वृद्धि ल्याउन वाञ्छनीय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद १५ को दफा २ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद- १

## प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **विद्यालय दिवा खाजा अनुदान वितरण कार्यविधि, २०७६** " रहेको छ ।

(२) यो कार्यविधि रावा बेसी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र आर्थिक वर्ष २०७६।७७ सम्म लागू रहने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रावा बेसी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "विद्यालय" भन्नाले भन्नाले रावा वेसी गाउपालिकाका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(घ) शिक्षा शाखा भन्नाले रावा बेसी गाउँपालिकाको कार्यालयको शिक्षा सम्बन्धी काम गर्ने शाखा वा त्यस्तो काम गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ ।

(ङ) "विद्यार्थी" भन्नाले भन्नाले रावा वेसी गाउपालिकाका सामुदायिक विद्यालयमा बालविकास कक्षादेखि कक्षा ५ सम्म नियमित रुपमा अध्ययनरत छात्राछात्रहरुलाई सम्झनु पर्छ ।

परिच्छेद- २

## संख्या यकिन तथा अनुदान रकम वितरण

३. बालविकास कक्षादेखि कक्षा ५ सम्म नियमित रुपमा अध्ययनरत छात्राछात्रहरुको संख्या यकिन गर्ने : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयमा बालविकास कक्षादेखि कक्षा ५ सम्म नियमित रुपमा अध्ययनरत छात्राछात्रहरुको संख्या यकिन गर्ने ।

(२) संख्या यकिन भै आए पछि शिक्षा शाखाले सामुदायिक विद्यालयहरुसँग नियमित रुपमा दिवाखाजा ल्याउने विद्यार्थीहरुको विवरण माग गर्नुपर्नेछ ।

(३) शिक्षा शाखाले माग गरे बमोजिम आ-आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दिवा खाजा वापतको अनुदान माग फारम पेश गर्नु पर्नेछ ।

(४) सामुदायिक विद्यालयबाट दिवा खाजा ल्याउने विद्यार्थीहरुको अनुदान माग फारम पेश भए पछि गाउँसभाबाट वित्तिय समानीकरण अनुदान सामाजिक विकास शीर्षकमा विनियोजन भएको अनुदान रकम मासिक रुपमा विद्यालयको बैक खातामा जम्मा वा विद्यालयलाई नगद नै उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो विद्यालयको बैक खातामा रकम जम्मा वा नगद उपलब्ध भए पछि खाजा ल्याउने विद्यार्थीहरुका अभिभावक आमाहरुलाई अनुदान रकम भूक्तानी गरी सो को भर्पाई शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(६) सामुदायिक विद्यालयका दिवाखाजा ल्याउने विद्यार्थीहरुका लागि उपलब्ध गराईएको अनुदान रकम सोही प्रयोजनका लागि बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन ।

(७)कार्यक्रम प्रभावकारी तथा सम्बन्धित शीर्षकमा खर्च भए नभएको शिक्षा समिति र शिक्षा शाखा मार्फत अनुगमन गरिनेछ ।

## परिच्छेद- ३

## विविध

(४) दीर्घकालीन स्रोत व्यवस्थापन :(१) सामुदायिक विद्यालयका लागि दिवाखाजा वापत उपलब्ध गराईएको अनुदान रकम आ.ब. २०७६/०७७ मा छुट्याईएको बजेटले भ्याएसम्म उपलब्ध गराईनेछ तर गाउँपालिकाले नियमित रुपमा अनुदान रकम उपलब्ध गराउन नसकेको खण्डमा पनि विद्यालयले आफ्नै स्रोत र बजेटको व्यवस्थापन गरी विद्यार्थीहरुलाई दिवा खाजा वापतको रकम व्यवस्थापन गर्न सक्नेछ साथै उक्त कार्यक्रम प्रभावकारी भै जङ्ग फुड जस्ता खाद्यपदार्थ निरुत्साहित हुने भरपर्दो आधार देखिएमा आगामी दिनमा कार्यपालिकाद्धारा निरन्तर सञ्चालनमा लैजाने सुनिश्चितता गरिनेछ ।

प्रतिवेदन पठाउनु पर्ने : सामुदायिक विद्यालयले गाउँपालिकाले दिएको अनुदान रकमको तोकिएको ढाँचामा गाउँपालिकामा प्रतिवेदन पठाउनु पर्नेछ ।

अनुसूची हेरफेर वा थपघट गर्ने : गाउँपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

प्रमाणिकरण मिति: २०७६/१०/२०

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत